# ‘सहकारीको रकम हिनामिना गर्नेलाई कारबाही हुन्छ’

**तानसेन समाचारदाता**
*तानसेन, कात्तिक २८ गते*

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री वलराम अधिकारीले सहकारीको रकम हिनामिनामा संलग्न जो कोही भए पनि कारबाहीमा पर्ने बताउनुभएको छ। नेपाल पत्रकार महासङ्घ पाल्पा शाखाले बुधबार तानसेनमा गरेको पत्रकार भेटघाटमा बोल्दै मन्त्री अधिकारीले सहकारीको रकम हिनामिना गर्ने मानिसलाई सरकारले कानुन अनुसार कारबाही गरेरै छाड्ने बताउनुभयो।




उहाँले कानुन अनुसार सहकारीको रकम हिनामिना गर्नेमाथि सरकारले कारबाही गर्न खोज्दा प्रदर्शन गर्ने, अनुसन्धान प्रभावित पार्न खोज्ने काम गैरराजनीतिक भएको बताउनुभयो। उहाँले भन्नुभयो, “सहकारीको रकम अपचलन गर्नेमाथि कारबाही भएन पनि भन्ने र कारबाही प्रक्रियाअगाडि बढाउँदा प्रदर्शन गर्ने, जुलुस गर्ने काम नसुहाउने काम हो।”

देशभर ३१ हजार सहकारी रहेकोमा सङ्घीय सरकार मातहतमा झन्डै दुई सय मात्र सहकारी रहेको बताउँदै प्रदेश र स्थानीय तह मातहतका सहकारीको नियमित अनुगमन र नियमन आवश्यक रहेकोमा उहाँले जोड दिनुभयो। अहिले सरकारले समस्याग्रस्त सहकारीको सम्पत्ति बिक्री गरेर भए पनि छ हजार बचतकर्ताको रकम फिर्ता गरेको जानकारी उहाँले दिनुभयो। सहकारीमा देखिएको समस्या तत्काल समाधान गर्न सरकारले पहल गरिरहेको बताउँदै त्यसका लागि प्रदेश र स्थानीय सरकारसँग छलफल भइरहेको जानकारी मन्त्री अधिकारीले दिनुभयो। सहकारीमा देखिएको समस्या समाधान गर्न बचतकर्ता, लगानीकर्ता, ऋणी र सरकारको सबैको उत्तिकै दायित्व र भूमिका रहेको मन्त्री अधिकारीले उल्लेख गर्नुभयो। उहाँले नापी र मालपोतको समस्या समाधानका लागि एकीकृत रूपमा सेवा दिने विषयमा पनि छलफल भइरहेको बताउनुभयो। उहाँले भूमिलगायत अन्य पुराना कानुन विस्थापित गर्न सरकारले नयाँ ऐन कानुन बनाउन पहल गरिरहेको बताउनुभयो। कानुन बनाउने कामको प्रक्रिया पूरा गर्दा केही समय भने लागेको उहाँको भनाइ छ।

आफूले समालेको मन्त्रालयले देशभरिका पालिकालाई गरिब परिचयपत्र वितरण गर्न पठाए पनि तथ्याङ्क सङ्कलनमा भएको त्रुटिका कारण परिचयपत्र वितरणमा समस्या भएको उहाँले जानकारी दिनुभयो। जो गरिब हो, उसले परिचयपत्र नपाउने अवस्था आएपछि पुन मन्त्रालयले गरिब पहिचानका लागि अद्यावधिक गर्ने समय दिएको मन्त्री अधिकारीले बताउनुभयो। विशेष नापीको जग्गा नाप नक्साङ्कनको काममा स्थानीय तहलाई सहकार्य गर्न उहाँले आग्रह गर्नुभयो।

## सूचनाको हक कार्यान्वयनमा

**तुलसीपुर समाचारदाता**
*तुलसीपुर, कात्तिक २८ गते*

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङले सूचनाको हक कार्यान्वयनका लागि स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुने बताउनुभएको छ। राष्ट्रिय सूचना आयोगले बुधबार तुलसीपुरमा आयोजना गरेको सूचनाको हक कार्यान्वयनमा स्थानीय तहको भूमिकाको महत्त्व विषयक कार्यक्रममा उहाँले सार्वजनिक निकायबाट समयमै सूचना उपलब्ध हुन सके समाजमा गलत सूचना प्रवाह नहुने बताउनुभयो।

प्रमुख आयुक्त महेन्द्रमान गुरुङले राष्ट्रिय सूचना आयोगले सूचना माग गर्दा सूचना उपलब्ध गराउन आलटाल गर्ने ४५ जनालाई आयोगका तर्फबाट कारबाही गरिएको बताउनुभयो। उहाँले आयोगले प्रत्येक सामुदायिक विद्यालय, सहकारी संस्था, वित्तीय संस्थामा समेत अनिवार्य रूपमा सूचना अधिकारी तोक्न निर्देशन गरिएको बताउनुभयो। प्रमुख आयुक्त गुरुङले संविधानबमोजिम समयमै सूचना उपलब्ध हुन नसके आयोगमा उजुरी दिन आग्रह गर्नुभयो। उहाँले पालिकाका तर्फबाट यस क्षेत्रमा रहेका कार्यालय, सङ्घ संस्थामा सूचना अधिकारी व्यवस्था गर्नका लागि समन्वयकारी भूमिका निर्वाह गर्न आग्रह गर्नुभएको हो।

कार्यक्रममा तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुख टीकाराम खड्काले पालिकाका तर्फबाट तीन तीन महिनामा पालिकामा भएका गतिविधि सार्वजनिक गर्दै आएको बताउनुभयो। उहाँले सूचना माग भए पालिकाका तर्फबाट उपलब्ध गराउँदै आएको बताउनुभयो।

## कटान रोक्न तटबन्धन

**बाँके समाचारदाता**
*बाँके, कात्तिक २८ गते*

मानखोलाको कटानका कारण सबैभन्दा बढी जोखिममा परेको बाँकेको वैजनाथ गाउँपालिका–८, टिटिहिरियास्थित करेलीभाङ्ग्रामा कटान नियन्त्रणका लागि तटबन्ध गरिने भएको छ। मानखोलाको कटान नियन्त्रणका लागि चालु आर्थिक वर्षमा लुम्बिनी प्रदेश सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विनियोजन गरेको एक करोड रुपियाँ बजेटबाट सो स्थानमा तटबन्धन निर्माण गर्न लागिएको छ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय नेपालगन्जका प्रमुख आशिष विकले तटबन्धनका लागि नापजाँचको काम गरिएको जानकारी दिँदै तत्काले ठेक्का आह्वान गर्ने तयारी गरिएको जानकारी दिनुभयो। कार्यालय प्रमुख विकले भन्नुभयो, “मानखोलाले विभिन्न स्थानमा कटान गरेको छ, न्यून बजेट भएकाले सबैभन्दा बढी प्रभावित क्षेत्रलाई प्राथमिकता दिएर काम अघि बढाउने तयारी गरेका छौँ।” स्थानीय प्रेम खत्रीले मानखोलाको तीव्र कटानका लागि खोला किनारमा रहेको सरस्वती आधारभूत विद्यालय र सयौँ स्थानीय बासिन्दाका घर उच्च जोखिममा रहेको बताउनुभयो। उहाँले पक्की तटबन्धनको काम तत्काले अघि बढाउन माग गर्नुभयो।

लुम्बनी प्रदेश सभा सदस्य रत्न खत्रीले मानखोलाको कटान नियन्त्रण प्रदेश सरकारकै चिन्ताको विषय भएको बताउनुभयो।

## वैकुण्ठ चतुर्दशीमा बिदा

**तम्घास समाचारदाता**
*तम्घास, कात्तिक २८ गते*

वैकुण्ठ चतुर्दशीको दिन मुसीकोट नगरपालिकाले सार्वजनिक बिदा दिएको छ। कात्तिक २९ गते वैकुण्ठ चतुर्दशीको दिन वडा नम्बर ६ को मालिका मन्दिरमा मेला लाग्ने र भलिबल प्रतियोगिता हुने भएकाले नगरप्रमुख स्तरीय बैठकबाट सार्वजनिक बिदा दिने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरीले जानकारी दिनुभयो।

मालिका माइले बिस्तारै बोल्दा नसुन्ने र चिच्याएर वर माग्दा मागेको कुरा पूरा हुने भएकाले पनि यस दिनलाई महत्त्वका साथ लिइने गरेको धार्मिक मान्यता कायम रहँदै आएको छ। मालिका क्षेत्रमा मेला लाग्ने भएकाले गत वर्षदेखि सार्वजनिक बिदा दिइँदै आएको नगरपालिकाले जनाएको छ।


# प्रदेश लोक सेवा आयोग

मधेश प्रदेश, जनकपुरधाम, नेपाल

## प्रदेश निजामती सेवाको अधिकृत नवौं तह (प्राविधिक) पदको बढुवाको सूचना

सूचना नं. ९४/२०८१-८२ — प्रकाशन मितिः २०८१/७/२९

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ । दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको वेबसाइट ppsc.p2.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेशगर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः
(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३० बमोजिम बढुवाका लागि न्यूनतम योग्यता भएको र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।
(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफुले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(घ) दरखास्तसाथ सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
(च) दरखास्त दस्तुर अधिकृत नवौं तहको लागि रु.१,२००/- (एक हजार दुई सय) बुझाउनु पर्नेछ ।
(छ) दरखास्त दस्तुर बुझाउने विधि र स्थानः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००००१००१०००००१ मध्ये आफुलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामबाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ ।
(ज) दरखास्त दिने अन्तिम मितिः २०८१/८/१९ र दोब्बर दस्तुर तिरी २०८१/८/२६ सम्म

**क) अधिकृत नवौं तह (प्राविधिक)**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह र तह | पद संख्या |
|---|---|---|---|
| १ | ३२/२०८१-८२ | कृषि, एग्री.ईको. एण्ड मार्केटिङ, अधिकृत नवौं | १ (एक) |

## प्रदेश निजामती सेवाका अधिकृत सातौं तह (अप्राविधिक/प्राविधिक) पदको बढुवाको सूचना

सूचना नं. ९५/२०८१-८२ — प्रकाशन मितिः २०८१/७/२९

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ । दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको वेबसाइट ppsc.p2.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेशगर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः**
(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३० बमोजिम बढुवाका लागि न्यूनतम योग्यता भएको र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।
(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफुले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(घ) दरखास्तसाथ सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
(च) दरखास्त दस्तुर अधिकृत सातौं तहको लागि रु.१,०००/- (एक हजार) बुझाउनु पर्नेछ ।
(छ) दरखास्त दस्तुर बुझाउने विधि र स्थानः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००००१००१०००००१ मध्ये आफुलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामबाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ ।
(ज) दरखास्त दिने अन्तिम मितिः २०८१/८/१९ र दोब्बर दस्तुर तिरी २०८१/८/२६ सम्म

**अधिकृत सातौं तह (अप्राविधिक/ प्राविधिक)**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| **अप्राविधिक अधिकृत सातौं तह** | | | |
| १ | ३३/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | ५ (पाँच) |
| **प्राविधिक ( स्वास्थ्य सेवा वाहेकका सेवा तर्फ) अधिकृत सातौं तह** | | | |
| १ | ३४/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | १ (एक) |
| २ | ३५/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | १ (एक) |
| ३ | ३६/२०८१-८२ | वन, जनरल फरेष्ट्री | २ (दुई) |
| ४ | ३७/२०८१-८२ | वन, स्वायल एण्ड वाटर कन्जरभेसन | १ (एक) |

## प्रदेश निजामती सेवाका अधिकृत सातौं तह (अप्राविधिक/प्राविधिक) पदको खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं.: ९६ /२०८१-८२ — प्रकाशन मितिः २०८१/७/२९

प्रदेश निजामती सेवाका अधिकृत सातौं तहमा निम्न सेवा, समूह, उपसमूहका रिक्त पदहरुको खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | खुला, समावेशी र अन्तर सेवा | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| **अ) अप्राविधिक अधिकृत सातौं तह** | | | | | | |
| १ | ३८/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | खुला | | ७ | ७ (सात) |
| | | प्रशासन, राजश्व | | | २ | २ (दुई) |
| | | जम्मा | | | ९ | ९ (नौं) |
| २ | ३९/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | मधेशी महिला | | २ | २ (दुई) |
| ३ | ४०/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | मधेशी | | १ | १ (एक) |
| | | प्रशासन, राजश्व | | | १ | १ (एक) |
| | | जम्मा | | | २ | २ (दुई) |
| ४ | ४१/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | दलित | | १ | १ (एक) |
| ५ | ४२/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | मुस्लिम महिला | | १ | १ (एक) |
| ६ | ४३/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | अपाङ्ग महिला | | १ | १ (एक) |
| ७ | ४४/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | अन्तर सेवा | | २ | २ (दुई) |
| **आ) प्राविधिक ( स्वास्थ्य सेवा वाहेकका सेवा तर्फ) अधिकृत सातौं तह** | | | | | | |
| १ | ४५/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | खुला | | २ | २ (दुई) |
| | | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | | | २ | २ (दुई) |
| | | जम्मा | | | ४ | ४(चार) |
| २ | ४६/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | मधेशी | | १ | १ (एक) |
| ३ | ४७/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | दलित महिला | | १ | १ (एक) |
| ४ | ४८/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | मुस्लिम महिला | | १ | १ (एक) |
| ५ | ४९/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | अन्तर सेवा | | १ | १ (एक) |
| | | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | | | १ | १ (एक) |
| | | जम्मा | | | २ | २ (दुई) |
| ६ | ५०/२०८१-८२ | वन, जनरल फरेष्ट्री | खुला | | ३ | ३ (तीन) |
| ७ | ५१/२०८१-८२ | वन, जनरल फरेष्ट्री | मधेशी महिला | | १ | १ (एक) |
| ८ | ५२/२०८१-८२ | वन, जनरल फरेष्ट्री | मधेशी | | १ | १ (एक) |
| ९ | ५३/२०८१-८२ | वन, जनरल फरेष्ट्री | मुस्लिम | | १ | १ (एक) |
| १० | ५४/२०८१-८२ | वन, जनरल फरेष्ट्री | अन्तर सेवा | | १ | १ (एक) |
| ११ | ५५/२०८१-८२ | वन, स्वायल एण्ड वाटर कन्जरभेसन | खुला | | २ | २ (दुई) |
| १२ | ५६/२०८१-८२ | वन, स्वायल एण्ड वाटर कन्जरभेसन | मधेशी महिला | | १ | १ (एक) |

**परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।
**परीक्षा मितिः** पछि प्रकाशन गरिनेछ ।
**परीक्षा केन्द्रः** जनकपुरधाम ।
**दरखास्त दस्तुरः** अधिकृत आठौं र सातौं तहको लागि रु. १०००/- (एक हजार) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु.४००/- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ।
**दरखास्त दिने अन्तिम मितिः** २०८१/८/१९ र दोब्बर दस्तुर तिरी २०८१/८/२६ सम्म ।
**उम्मेदवारको उमेरको हदः** २०८१/८/१९ सम्म २१ वर्ष उमेर पुरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको । इञ्जिनियरिङ्ग सेवा, कृषि सेवा, वन सेवा र स्वास्थ्य सेवाको हकमा ४० वर्ष ननाघेको । बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।
**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड चयन गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिन्छ ।
Online Payment बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS गरी रकम भुक्तानी गर्न सकिनेछ । Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ।
Offline बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment चयन गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ ।
**दरखास्त दस्तुर बुझाउने अवधिः** ढिलोमा २०८१/८/२६ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।
**अपलोड गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो फोटो, दस्तखत र नागरिकताको प्रमाणपत्र स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ। अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।
**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा, समूह सम्बन्धी।
**तलबः** मधेश प्रदेश कानून बमोजिम ।
**सेवा सम्बन्धी मन्त्रालयः** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय ।

**प्रदेश निजामती सेवा खुला तथा समावेशीको लागि आवश्यक न्यूनतम योग्यता र न्यूनतम शैक्षिक योग्यताः**

अ) स्वास्थ्य सेवा वाहेकका सेवा तर्फ (अप्राविधिक/प्राविधिक) अधिकृत सातौं तह वा सो सरह (सेवा, समूह, उपसमूह):
प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ ।
१ प्रशासन, सामान्य प्रशासन / राजश्वः मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।
२ इञ्जि., सिभिल, जनरलः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
३ इञ्जि., सिभिल, स्यानिटरीः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इञ्जिनियरिङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
४ वन, जनरल फरेष्ट्रीः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भीकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन), वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्येकम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण ।
५ वन, स्वायल एण्ड वाटर कन्जरभेसनः मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इञ्जिनियरिङ्ग वा वन वातावरण विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

(ई) अन्तर सेवाको लागिः
प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा (१७) मा व्यवस्था भए बमोजिम "अन्तर सेवाद्वारा पदपूर्ति हुने पदमा संघीय निजामती सेवा वा स्थानीय सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तीमा सात वर्ष सेवा अवधी पुरा गरेका र पूर्ति हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन् ।"

**उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः**
दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

समावेशी तर्फ दरखास्त दिन चाहिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु र अनुभवः
(क) मधेसीको हकमाः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।
(ख) दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।
(ग) मुस्लिमको हकमाः राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम भनी प्रमाणित गराएको कागजात ।
(घ) अपाङ्गको हकमाः समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

**द्रष्टव्यः**
(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।
(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
(ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाममा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।
(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(ङ) उम्मेदवारले प्रवेशपत्रमा आफु उम्मदेवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।
(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।
(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
(ज) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.p2.gov.np बाट प्राप्त गर्न सकिने छ ।